**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
DOI: https://doi.org/10.3126/sudurpaschim.v2i2.80502
Pubished by Faculty of Humanities and Social Sciences
Far Western University, Mahendranagar, Nepal

# करुणरसको सापेक्षतामा गौरी खण्डकाव्यको विश्लेषण

देवराज भट्टराई
उपप्राध्यापक, जयपृथ्वी ब. क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय
Email:devrajbhattarai24@gmail.com

**लेखसार**

माधवप्रसाद घिमिरेको गौरी खण्डकाव्य नेपाली साहित्यको अमूल्य निधि हो । यस खण्डकाव्यको आदिदेखि अन्त्यसम्म करुणरस प्रवाहित भएको पाइन्छ । यस कृतिको करुणरसका दृष्टिले अहिलेसम्म गहन अध्ययन नभएकाले त्यही रिक्तता परिपूर्तिका लागि यो अध्ययन गरिएको छ । यसरी गौरी खण्डकाव्यमा प्रयोग भएको करुणरसको पहिचान र विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । यस अध्ययनमा पुस्तकालयबाट सामग्री सङ्कलन गरी पूर्वीय रससिद्धान्तको सैद्धान्तिक मान्यताका आधारमा गुणात्मक ढाँचा प्रयोग गरी गौरी खण्डकाव्यका करुणरससँग सम्बन्धित विशिष्ट श्लोकको पाठपरक विश्लेषण गरिएको छ । करुणरसको स्थायी भाव शोक हो । इष्टजनको वियोग, वैभवको नाश, प्रिय व्यक्तिको वध, प्रियजनसितको वियोग वा मरण देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुणरस उत्पन्न हुन्छ । गौरी खण्डकाव्यमा पनि घिमिरेले उनकी धर्मपत्नी गौरीको मृत्युपश्चात् घोर निराशाका दिनहरूमा आफ्ना मनोगत भावहरू करुणरसमा प्रस्तुत गरेका छन् । यसरी घिमिरेकी पत्नीको दुःखद निधनले कविहृदयमा उठेका निराशाका ज्वारहरू करुणरसमा कसरी प्रस्तुत भएका छन् भन्ने कुराको अध्ययन यस लेखमा गरिएको छ । यसैगरी यस अध्ययनमा करुणरसका रससामग्री विभाव, अनुभाव र व्यभिचारी भावहरूका कारण करुणरस कसरी परिपाक अवस्थामा पुगेको छ भन्ने कुराको चर्चा गरिएको छ । यसरी विश्लेषण गर्दा गौरी खण्डकाव्य करुणरस प्रयोगका दृष्टिले उच्च कोटिको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

***मुख्य शब्दावली:*** रससामग्री, आलम्बन विभाव, उद्दीपन विभाव, रस परिपाक, साधारणीकरण

## विषय परिचय

राष्ट्रकवि माधवप्रसाद घिमिरे (१९७६-२०७७) नेपाली साहित्यक्षेत्रका एक अग्रणी व्यक्तित्व हुन् । पिता गौरीशङ्कर घिमिरे र माता द्रोपदी घिमिरेको कोखबाट लमजुङ जिल्लाको पुस्तुन, बाहुनडाँडामा जन्मेका घिमिरेले नेपाली कविता र गीतका

क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । वि. सं. १९९२ को भाद्र महिनामा ज्ञानपुष्प कविता प्रकाशित गरी साहित्ययात्रा सुरु गरेका घिमिरेले महाकाव्य, खण्डकाव्य, थुप्रै फुटकर कविता, गीत, बालकविता, बालगीत, कथा, नाट्यकाव्यका साथै समालोचना विधामा समेत कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित काव्यकृतिहरूमा नवमञ्जरी (१९९४) र चैत वैशाख (२०६०) गरी दुईवटा कवितासङ्ग्रह, घामपानी (२०१०), बालालहरी (२०१६), राहुल यशोधरा (२०३५) एवं सुनपङ्खी चरी (२०५३) गरी चारवटा बालकविता सङ्ग्रह, किन्नरकिन्नरी (२०३३) एउटा गीतसङ्ग्रहका साथै पापिनी आमा (२०१३), नयाँ नेपाल (२०१३), गौरी (२०१५), राजेश्वरी (२०१७), राष्ट्रनिर्माता (२०२३), धर्तीमाता (२०३०), इन्द्रकुमारी (२०५७), बोराको परदा (२०५७), गौथली र गजधम्मे (२०५७) गरी नौवटा खण्डकाव्य र गोविन्द (अपूर्ण) एवं ऋतम्भरा (२०७९) गरी दुईवटा महाकाव्य रहेका छन् ।

माधवप्रसाद घिमिरे परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावधारामा कविता रचना गर्ने कवि हुन् । उनका कवितामा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको कलात्मक प्रस्तुति भेटिन्छ । जीवन र जगत्प्रति अगाध आस्था राख्ने कवि घिमिरेका कवितामा जीवनवादी र मानवतावादी स्वर मुखरित भएको पाइन्छ । यसका साथै सङ्क्षिप्तताभित्र पूर्णता, सूत्रात्मकता, भावपक्ष र कलापक्षको विशिष्ट सन्तुलन, पूर्वीय दार्शनिक रहस्यको सफलतापूर्वक प्रयोग आदि उनका काव्यकृतिमा पाइने प्रमुख विशेषता हुन् । यसैगरी प्राकृतिक, सांस्कृतिक र पौराणिक बिम्ब र प्रतीकहरूको प्रयोग गरी वार्णिक, मात्रिक, वर्णमात्रिक तथा लोकलयको समुचित प्रयोग गरी कविता रचना गर्ने कवि घिमिरेका कवितामा छन्द, अलङ्कार र रस प्रयोगमा निपुणता पाइन्छ । अनुप्रासयुक्त लयात्मकता, गेयात्मकता र सङ्गीतात्मकताका साथै सरल, सहज र सुबोध भाषाशैली उनका कवितामा पाइने विशेषता हुन् ।

गौरी खण्डकाव्य माधव घिमिरेको चर्चित खण्डकाव्य हो । वि.सं. २००४ असार महिनामा शान्ति र कान्ति दुईवटा छोरीहरू जन्माएकी घिमिरेकी धर्मपत्नी गौरीको मृत्यु हुन्छ । काठमाडौंमा डेरा गरी बस्ने कवि घिमिरेका ती घोर निराशाका दिनहरूमा उनले गौरी खण्डकाव्यको रचना गरेका हुन् । पछि वि.सं. २०१५ मा पहिलो पटक साझा प्रकाशनले प्रकाशित गरेको गौरी खण्डकाव्यमा भूमिकासहित बाह्रवटा खण्ड रहेका छन् । यसमा पत्नीको दु:खद निधनले कविहृदयमा उठेका निराशाका ज्वारहरू छताछुल्ल पोखिएका छन् । यो काव्य पढ्दै गर्दा पाठकको हृदय रसाउँछ र आँखामा आँसु भरिन्छ । त्यसैले यसलाई नेपाली साहित्यमा शोककाव्य वा अश्रुकाव्य पनि भनिन्छ । एउटा सुन्दर जोडी र दुई सुन्दर छोरीको परिवारबाट बाइस वर्षकै कलिलो उमेरमा गौरीको मृत्यु हुँदा घिमिरेलाई परेको पीडा यस काव्यमा देख्न सकिन्छ । यस गौरी खण्डकाव्यलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । यस लेखमा पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तको एउटा प्रकार करुणरसको मूल मान्यतालाई आधार बनाई गौरी काव्यको विश्लेषण गरिएको छ ।

माधव घिमिरेको गौरी खण्डकाव्य नेपाली साहित्यको एउटा अमूल्य निधिको रूपमा रहेको छ । यस काव्यको

प्रकाशनपछि कवि घिमिरे त्यसबेला चर्चाको शिखरमा पुगेका थिए । आकारमा सानो भए पनि पाठकलाई प्रभाव पार्न र पाठकको मन जित्न सफल यस काव्यको करुणरसका आधारमा अहिलेसम्म व्यापक अध्ययन हुन नसक्नु यसको समस्या हो । यसै समस्यामा सीमित रही गौरी खण्डकाव्यमा करुणरसको अध्ययन गर्न निम्नानुसारका शोधप्रश्नहरूको निर्माण गरी तिनीहरूको आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ :

- माधव घिमिरे र गौरी खण्डकाव्यको सम्बन्ध के छ ?
- गौरी खण्डकाव्यमा करुणरस कसरी प्रवाहित भएको छ ?
- माधव घिमिरेले गौरी खण्डकाव्य किन लेखे ?

गौरी खण्डकाव्य नेपाली साहित्यको लोकप्रिय कृति हो । यो कृति माधव घिमिरेको काव्यसाधनाको महत्त्वपूर्ण उपलब्धि हो । लमजुङबाट काठमाडौं आई डेरा गरी बसेका र दुई छोरीसमेत जन्म दिइसकेकी कवि घिमिरेकी धर्मपत्नी गौरीको अचानक देहान्त हुँदा उनलाई पर्न गएको दु:ख र पीडालाई यस काव्यमा समेटिएको छ । कोमलकान्त पदावली प्रयोग गरी शार्दूलविक्रीडित छन्दमा लेखिएको यस काव्यले पाठकको मन जित्न सफल भएको छ । आरम्भदेखि अन्त्यसम्म करुणरस प्रवाहित भएको यस काव्यलाई अध्ययन गर्दा पाठकले भक्कानिएर रुनुपर्ने अवस्था आइलाग्छ । करुणरसका दृष्टिले यति महत्त्वपूर्ण हुँदाहुँदै पनि यस काव्यको करुणरसका सापेक्षतामा गहन अध्ययन हुन सकेको देखिँदैन । तसर्थ गौरी खण्डकाव्यको करुणरसका आधारमा विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । यसका साथै हालसम्म करुणरसका आधारमा यस गौरी खण्डकाव्यको गहन अध्ययन नभएको हुँदा यस अध्ययनले शिक्षक, विद्यार्थी तथा साहित्यमा चासो राख्ने जोकोहीलाई पनि सहयोग पुऱ्याउने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ । यस अध्ययनको उद्देश्य बुँदागत रूपमा निम्नानुसार रहेको छ :

- माधव घिमिरेको जीवनीको एक पाटोको रूपमा गौरी खण्डकाव्यको विश्लेषण गर्नु
- करुणरसको सापेक्षतामा गौरी खण्डकाव्यका विशिष्ट श्लोकको विश्लेषण गर्नु
- माधव घिमिरेले गौरी खण्डकाव्य लेख्नुका कारणहरू खोजी गर्नु

## अध्ययन विधि

करुणरसको सापेक्षतामा गौरी खण्डकाव्यको विश्लेषण नामक अध्ययनका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा माधवप्रसाद घिमिरेको गौरी खण्डकाव्य प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा गौरी खण्डकाव्यसँग सम्बन्धित विभिन्न लेख तथा समालोचना प्रयोग गरिएको छ । पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तको सामान्य उल्लेख गर्दै करुणरसका सैद्धान्तिक मान्यताको चर्चा गरी गौरी खण्डकाव्यमा भएका करुणरससँग सम्बन्धित विशिष्ट श्लोकहरूको गुणात्मक ढाँचामा व्याख्यात्मक विधिबाट यस अध्ययनमा पाठपरक विश्लेषण गरिएको छ ।

पूर्वीय साहित्यशास्त्रको सर्वप्राचीन र महत्त्वपूर्ण सिद्धान्त रससिद्धान्त हो । यस रससिद्धान्तको प्रारम्भ श्रुतिकालदेखि नै भएको पाइन्छ । श्रुतिमा त्यो रस नै हो, त्यसलाई पाएर त्यो आनन्दित हुन्छ भनिएको छ । यहाँ त्यो ब्रह्मको सङ्केतक छ । श्रुतिले रसको नाता ब्रह्मसित जोरेको छ (उपाध्याय, २०३६, पृ.१८) । यसरी वैदिककालमा रस नै ब्रह्म हो र ब्रह्म नै रस हो भनेर रसलाई ब्रह्मस्वरूप मानिएको छ । पूर्वीय परम्परामा भरतमुनिभन्दा पूर्व रससम्बन्धी धारणा बनिसकेको भए पनि रसको महत्त्व दर्साउने र रसोत्पत्तिप्रक्रियालाई सूत्रबद्ध पारी रसचिन्तनको परम्परा स्थापित गर्ने उपलब्ध प्राचीन प्रामाणिक ग्रन्थ भरतको नाट्यशास्त्र हो । यसबाट नै रस सम्प्रदायको उद्भव भएको मानिन्छ । भरतमुनिले आफ्नो नाट्यशास्त्रमा विभानुभावव्यभिचारीभाव संयोगात् रसनिष्पत्ति भनेर रसको परिचय दिएका छन् (पौडेल, २०५७, पृ. १११) । भरतमुनिले नाट्यरसको चर्चा गर्ने क्रममा रसको व्याख्या गरेका भए पनि पछि गएर साहित्यका अन्य विधामा पनि रसको स्थिति खोज्न थालियो ।  भरतको यस रससूत्रको व्याख्या गर्ने क्रममा विद्वान्हरूले आआफ्नै धारणा अघि सारेका छन् । यसलाई व्याख्या गर्ने क्रममा भट्टलोल्लटको उत्पत्तिवाद, शङ्कुकको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद तथा अभिनव गुप्तको अभिव्यक्तिवादजस्ता मान्यताहरू विकसित हुन पुगेका छन् । विद्वान्हरूले जेजस्ता मान्यता अघि सारे पनि समग्रमा रस भनेको साहित्यबाट प्राप्त हुने आनन्दानुभूति हो, जुन ब्रह्मानन्द सहोदर हुन्छ । साहित्यिक रसास्वादनका बेला दर्शक वा पाठक व्यक्तिगत पहिचानबाट मुक्त हुन गई उसमा तमोगुण र रजोगुणको तिरोहित भई सत्त्वगुणको उद्रेक हुन्छ र यसबाट साधारणीकरण हुन जान्छ । साधारणीकरणका क्षणमा भावक वैयक्तिक मोहको जालोरूपी सङ्कटबाट मुक्त भएर सामान्य मानवका रूपमा परिवर्तित हुन्छ भने कृतिका राम-सीता आदि पनि सामान्य प्रेमी-प्रेमीकाका रूपमा परिवर्तित हुन्छन् र भावक नैतिक सङ्कटबाट मुक्त भएर आत्मस्थ स्थायी भावलाई रसका रूपमा परिणत गराउन थाल्दछ (पौडेल, २०५७, पृ.१२९) । यसरी रसानुभूति हुँदा भावक व्यक्तिगत पहिचानबाट माथि उठी एक प्रकारको छुट्टै ब्रह्मानन्दसरह आनन्दानुभूति गर्दछ भन्ने मान्यता रससिद्धान्तको रहेको छ ।

पूर्वीय परम्परामा भरतमुनिले नाट्यशास्त्रमा श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत गरी आठवटा रसको चर्चा गरेका छन् । उद्भटले त्यसमा शान्त रस थप गरे भने शान्त रसलाई प्रतिष्ठापित गर्ने कार्य अभिनव गुप्तले गरे । यसरी रसको सङ्ख्या नौवटा पुग्यो । यसैगरी रसको वर्गीकरण गर्ने क्रममा विश्वनाथले नवरसमा वात्सल्य रस थप गरे भने रूप गोस्वामीले भक्तिरस थप गरेर रसको सङ्ख्या एघार पुऱ्याए । पछि गएर वात्सल्यरसलाई श्रृङ्गाररसमा र भक्तिरसलाई शान्तरसमा समेटियो र रसको सङ्ख्या नौवटामा सीमित गरियो । यसरी पूर्वीय परम्परामा श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त गरी नौवटा रसको चर्चा गरिएको छ । यिनीहरूमध्ये करुणरस महत्त्वपूर्ण रस हो । संस्कृत भाषाका कवि भवभूतिले करुणरसलाई साहित्यको मूल रस मानेका छन् (उपाध्याय, २०३६, पृ. ५७) । यसैगरी करुणरसको स्थायी भाव शोक हो । इष्टजनको वियोग, वैभवको नाश, कुनै प्रिय व्यक्तिको वध तथा कारावासजन्य दुःख, विद्रव (देश निकाला), उपघात (आगो

आदिबाट मर्नु), व्यसनसंयोग इत्यादि कारणहरूद्वारा शोक उत्पन्न हुन्छ (भट्टराई, २०३६, पृ. १३९) । यसरी नै पुत्रकलह, प्रियजनसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनाश देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुणरस उत्पन्न हुन्छ (उपाध्याय, २०३६, पृ. ५९) । यसरी मृत प्रियजन वा विनष्ट वस्तु यस रसको आलम्बन विभाव बन्छ भने प्रियको गुणको सम्झना आदि यस रसका उद्दीपन विभाव हुन् । यसैगरी दैवनिन्दा, गुहार माग्नु, भुँइमा पछारिनु, कपाल लुछ्नु, रुनु, कराउनु आदि यस रसका अनुभाव हुन् भने विषाद, चिन्ता, मोह, आवेग, ग्लानि, जडता आदि यस रसका सञ्चारी भाव हुन् । यस लेखमा यही करुणरसको सैद्धान्तिक मान्यता र रससामग्रीका आधारमा गौरी खण्डकाव्यका करुणरससँग सम्बन्धित प्रमुख श्लोकहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**नतिजा र छलफल**

जीवन र जगत् विसङ्गतिपूर्ण छ । मनुष्य पनि विसङ्गतिबाट मुक्त छैन । मनुष्य जीवनमा जन्मदेखि मृत्युसम्म विभिन्न उकाली-ओराली, दुःख-सुख, रोदन-हाँसो, संयोग-वियोग, हर्ष-विषाद आदि कुराहरू आइपर्छन् । यसमा सङ्गतिभन्दा पनि विसङ्गतिका कुराहरूले जीवनमा बढी राज गरेका हुन्छन् । यिनीहरूमध्ये जुनीजुनीसम्म सँगै जिउने र मर्ने वाचा गरेर बिहे गरेका प्रेमिल जोडीहरूलाई पनि वियोगान्तको अवस्था आइपर्छ । यस्तै वियोगान्तको अवस्था गौरी खण्डकाव्यमा कवि घिमिरेलाई परेको छ । बिहेको प्रणयसूत्रमा बाँधिएर पुर्ख्यौली थलो छाडेर कवि घिमिरे र उनकी धर्मपत्नी गौरी काठमाडौंमा डेरा गरेर बस्न थाल्छन् । समयचक्रसँगै उनीहरूका शान्ति र कान्ति दुई छोरीहरू जन्मिन्छन् । यसरी सुखद र रमाइलो पारिवारिक वातावरणमा बसिरहेको बेला अचानक गौरीको मृत्यु हुन पुग्छ । यस घटनाबाट कवि घिमिरे मात्र विधुर भएनन्, उनका नाबालिका छोरीहरू पनि टुहुरो बने । यसबाट कविहृदयमा गहिरो चोट पर्‍यो र उनलाई यो घटना वास्तविक हो वा भ्रम छुट्ट्याउन गाह्रो भयो । यस दुःखद घडीमा गौरीको लासलाई दिइने विभिन्न वस्तुहरूका नामसमेत उनलाई उच्चारण गर्न गाह्रो भएको अवस्थालाई कारुणिक भावमा कविले गौरी खण्डकाव्यमा यसरी प्रस्तुत गरेका छन् :

तिम्रो अन्तिमको शिँगार सँगिनी ! 'कात्रो' कसोरी भनूँ
तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टीलो' कसोरी भनूँ
गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी
'मुर्दार्नी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी (पृ. ६ ) ।

माथिको श्लोकमा कवि घिमिरेले पत्नी गुमाउनु पर्दाको पीडालाई प्रस्तुत गरिएको छ । विधिको विडम्बना ! एउटै कपडा कहिले लुगा बन्छ भने कहिले कात्रो बन्न पुग्छ । यसै गरी एउटै भाँडो कहिले पात्र बन्छ भने कहिले टिलो बन्छ; खानेकुरा कहिले अन्न बन्छ भने कहिले बुर्की बन्न पुग्छ । यसरी नै एउटै शरीरलाई कहिले जीवनीको रूपमा स्वीकार गरिन्छ भने कहिले मुर्दार्नीको

रूपमा तिरस्कार गर्नुपर्ने वाध्यता आइलाग्छ । यस श्लोकमा पनि गौरीको मृत्यु भइसकेपछि कवि घिमिरेले लासलाई गरिने श्रृङ्गारलाई कात्रो भन्न नसकेको, पात्रलाई टिलो भन्न नसकेको, अन्नलाई बुर्की भन्न नसकेको तथा आफ्नै जीवनीलाई मुर्दार्नी भन्न नसकेको कारुणिक भावाभिव्यक्ति प्रस्तुत भएको देखिन्छ । करुणरसमा रचना गरिएको यस श्लोकमा करुणरसका विभिन्न रससामग्रीहरू प्रयोग गरिएका छन् । यस श्लोकमा करुणरसका विभावहरू प्रयोग भएका देखिन्छन् । यसमा आलम्बन विभावको रूपमा कवि र गौरीको मृत शरीर रहेको छ । आलम्बन विभावमा पनि गौरीको मृत शरीर विषयालम्बन हो भने कवि आश्रयालम्बन हुन् । यसैगरी यस श्लोकमा उद्दीपन विभावको रूपमा गौरीको शव र उनको स्मरण रहेका छन् । यसैगरी यस श्लोकमा कविको विकृत चेहरा, आँसु झार्नु, रुनु आदि अनुभावको रूपमा आएका छन् । यसरी नै यसमा कविको मनमा उठ्दै र विलाउँदै गरेका विषाद, चिन्ता, मोह, स्मृति, ग्लानि आदि सञ्चारी भावको रूपमा आएका छन् । यसरी करुणरसका सम्पूर्ण रससामग्री प्रयोग गरिएको यस श्लोकमा करुणरस परिपाक अवस्थामा पुगेको देखिन्छ ।

मानव यो पृथ्वीको बटुवा हो । उसको यात्रा जन्मदेखि सुरु हुन्छ र मृत्युमा गएर टुङ्गिन्छ । उसको आफ्नो भन्ने चिज कुनै पनि छैन । आफ्नो भन्नु केबल बाँचुञ्जेलको सम्बन्ध मात्र हो । भौतिक संसारमा जन्मँदा उसले केही ल्याउँदैन र मर्दा पनि केही लिएर जाँदैन । पृथ्वी, जल, तेज, वायु र आकाशजस्ता पञ्चमहाभूतबाट बनेको स्थूल शरीर नाशवान् छ र यो जतिबेला पनि नासिन सक्छ । आत्मा अजर, अमर, दिव्य, स्वप्रकाश्य र चेतनशील छ । त्यहीँ आत्मा जब जीवमा प्रवेश गर्दछ तब त्यो जीवात्माको रूपमा देखिन्छ । यसरी जीवको स्थूल शरीर नासिएपछि जीवात्मा परमात्मामा लीन हुन पुग्दछ भन्ने दार्शनिक विचारलाई कवि घिमिरेले गौरी खण्डकाव्यमा प्रस्तुत गरेका छन् । एक दिन भौतिक शरीर नदी किनारको बालुवामा आगोको लप्कामा जलेर खरानी हुनुपर्ने, खरानी पानीमा विलय गर्नुपर्ने, आफन्तलाई दागबत्ती दिनुपर्ने कटु यथार्थलाई यस काव्यमा प्रस्तुत गरिएको छ । यसैगरी गौरीको चिताको ज्वाला (आत्मा) गगनमा मिलेर परमात्मामा लीन भए पनि उनको वियोगले डढेको दिललाई आँसुले पखाल्न सक्दैन भन्ने कुरा कविले यस काव्यमा उल्लेख गरेका छन् । यसरी दर्शनजस्तो विषयलाई पनि कवि घिमिरेले सरल अनि करुणभावमा यसरी व्यक्त गरेका छन् :

हेर्नू विष्णुमती पुगेर बटुवा ! कालो त्यहीँ बालुवा
लप्कावाल बल्यो चितानल, जलिन् पाहाडकी पालुवा
चोला त्यो जलमा मिल्यो, गगनमा ज्वाला मिल्यो झल्मल
पोखी आँसु पखालिँदैन कहिल्यै मेरो डढेको दिल (पृ. ९ ) ।

माथिको श्लोकमा कवि घिमिरेले मानवलाई बटुवा र पृथ्वीलाई बटुवाले बस्ने वासको रूपमा चित्रण गरेका छन् । बटुवाले वास छोडेझैँ मानवले पनि एक दिन यो धरा छोड्नुपर्छ भन्ने कुरा यस श्लोकमा कविले प्रस्तुत गरेका छन् । यसैगरी उनकी

धर्मपत्नीको मृत्युपश्चात् भौतिक शरीर चितामा जलेर खरानी बनेको, चिताको लप्काले बालुवा डढेर कालो बनेको, पहाडकी पालुवा (गौरी) चितानलमा जलेको, खरानीसँगै चोला जलमा मिलेको, अमर आत्मा गगनमा गई परमात्मामा लीन भएको तर पत्नी वियोगबाट डढेको दिललाई आँसुले कहिल्यै पनि पखाल्न नसक्ने अभिव्यक्ति कविले दिएका छन् । यस श्लोकमा पञ्चमहाभूतबाट बनेको शरीर अन्त्यमा त्यसैमा विलिन भए पनि पत्नी गुमाउँदाको पीडाले जीवनभर रुनुपर्ने कुरा कविले प्रस्तुत गरेका छन् । यसरी करुणरसमा प्रस्तुत गरिएको यस श्लोकमा आश्रय आलम्बनको रूपमा कवि, विषय आलम्बनको रूपमा गौरीको शव रहेको छ । यसैगरी यस श्लोकमा उद्दीपन विभावको रूपमा चिताको ज्वाला रहेको छ भने कविको विकृत चेहरा, रुनु, आँसु झार्नु आदि अनुभावको रूपमा आएका छन् । यसरी नै कविको चिन्ता, विषाद, स्मृति आदि सञ्चारी भावहरू यस श्लोकमा आएका छन् । यसरी करुणरसका सम्पूर्ण रससामग्री प्रयोग गरिएकाले यस श्लोकमा करुणरसको सफल प्रयोग भएको छ ।

प्रियजनको मृत्युको पीडा जोकोहीलाई पनि असह्य हुन्छ । सुन्दर पारिवारिक वातावरण बनिरहेको बेला कुनै एक सदस्य गुमाउँनु पर्दा त्यसको अभाव जीवनभर खट्किरहन्छ र त्यही चिन्ताले मान्छे चितासम्म पुग्दछ । यसरी नै जीवनको अन्तिम क्षणमा आफ्नो प्रियजनलाई अन्तिम बिदाइ गर्नुपर्दा मान्छे शब्दहीन, भावहीन तथा विचारशून्य हुन पुग्दछ । कवि घिमिरेकी पत्नी गौरीको जीवनको अन्तिम क्षणमा पनि कविले उनलाई धोको के छ भनी सोध्न नसकेको, मनमा वेदना भए पनि रुन नसकेको र गौरीले टुलुटुलु हेर्दाहेर्दै सदाका लागि आँखा चिम्लेको कारुणिक भावलाई कवि घिमिरेले गौरी खण्डकाव्यमा यसरी प्रस्तुत गरेका छन्:

मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो
मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो
हेरेँ टुल्टुल खालि, दीन मुखमा हेरीरहेकी थियौ
हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ (पृ. १० ) ।

माथिको श्लोकमा घिमिरेले धर्मपत्नी गौरीसँगको अन्तिम क्षणको मिलनमा उनको अन्तिम धोको सोध्न नसकेको, निर्धक्कसँग मनका बह पोख्न नसकिएको तथा रुन पनि नसकिएको तितो यथार्थ प्रस्तुत गरेका छन् । यसमा गौरीको मृत्यु निश्चित हुने सङ्केत भइसकेपछि कवि घिमिरे शब्दहीन बनेका छन् । उनीहरूले अब सदाका लागि अलग हुँदै छौँ भन्ने थाहा पाएर पनि बोल्न सकेका छैनन् । यो पीडाको चरम अवस्था हो । उनीहरूले एकअर्काको मनको भाव (पीडा) बुझे पनि दुबैले बोल्न नसकेको र प्रियको दयनीय मुखमा हेर्दाहेर्दै उनी यो संसारबाट बिदा भएको कहालीलाग्दो अवस्थाको चित्रण कविले माथिको श्लोकमा गरेका छन् । यसरी मृत्यु अवश्यम्भावी भए पनि असामयिक मृत्युले मान्छेलाई विक्षिप्त बनाउँछ भन्ने कुरा कविले यस श्लोकमा उल्लेख गरेका छन् । यसरी यस श्लोकमा पनि आश्रय आलम्बनको रूपमा कवि, विषय आलम्बनको रूपमा गौरीको मृत शरीर,

उद्दीपन विभावको रुपमा गौरीको कहालीलाग्दो हेराइ रहेका छन् । यसैगरी यस श्लोकमा अनुभावको रूपमा कविको विकृत चेहरा, आँखाबाट आँसु झर्नु, छाती पिट्नु, दैवनिन्दा आदि रहेका छन् भने सञ्चारी भावहरूको रूपमा चिन्ता, विषाद, मोह, जडता आदि प्रयोग भएका छन् । यसरी करुणरसका रससामग्री प्रयोग भएको प्रस्तुत श्लोकमा करुणरस प्रभावकारी रूपमा प्रवाहित भएको पाइन्छ ।

मान्छे एकअर्काको सहारामा बाँच्छ । एक्लै उसले केही पनि गर्न सक्दैन । त्यसैले उसले बिहे गर्छ र परिवारमा रमाउँछ । परिवारमा बाजे-बज्यै, आमा- बुबा, छोरा-छोरी, नाति-नातिनी आदि हुन्छन् । आफ्ना लागि कम र अरूका लागि बढी बाँच्नु पर्ने जीवनमा कुनै एकको मृत्युले परिवार बिचल्लीमा पर्छ । गौरी खण्डकाव्यमा पनि गौरीको मृत्युले कवि घिमिरेको परिवारमा ठुलो व्रज परेको छ । उनको मृत्युले छोरीहरूले आमा गुमाएको, कविले पत्नी गुमाएको, कसैकी छोरी र कसैकी बुहारी गुमेको कुरा कविले यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । यसरी परिवारका सदस्य गुम्दा संसार निस्सार र शून्यजस्तै हुने कारुणिक भावलाई कविले गौरी खण्डकाव्यमा यसरी प्रकट गरेका छन् :

छन् छोरी टुहुरी, बनेँ विधुर हा ! – आमा र रानी गयौ
छन् दु:खी परिवार आज दुइटै – छोरी बुहारी गयौ
छोटो जीवनमा यहाँ कति महान् छोडेर माया गयौ
संसारै छ नि शून्य ! चार दिनकी हे रामछाया ! गयौ (पृ. १५ ) ।

माथिको श्लोकमा जीवन अस्थायी छ र एकदिन यो संसारलाई छोडेर जानुपर्छ भन्ने कुरा देखाउनुका साथै परिवारका कुनै एक जनाको मृत्युले अरूलाई पनि प्रत्यक्ष असर पार्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । गौरीको मृत्युले छोरीहरू शान्ति र कान्ति टुहुरी बनेको, कविले पत्नी गुमाएर विधुर बनेको, आमाबुबाले छोरी गुमाएको र सासूससुराले बुहारी गुमाएको पीडा यस श्लोकमा व्यक्त गरिएको छ । यसैगरी गौरीले छोटो जीवन र छोटो मिलनमा जीवनभर नबिर्सिने आत्मीय माया दिएर गएको कुरा कविले यसमा उल्लेख गरेका छन् । गौरीको मृत्युले माइतीपक्ष र पोइलीपक्ष दुइटै परिवार दुःखी भएको तथा उनका आफन्तका लागि यो संसार अन्धकार र शून्य भएको कुरा यस श्लोकमा पाइन्छ । यस श्लोकमा पनि करुणरसका रस सामग्रीहरू विभाव, अनुभाव र व्यभिचारी भावहरूको सफल संयोजन देखिन्छ । यसरी यस श्लोकमा पनि आश्रय आलम्बनको रूपमा कवि, विषय आलम्बनको रूपमा गौरीको मृत शरीर, उद्दीपन विभावको रूपमा छोरीको रुवाइ र आफन्तको विलाप रहेको छ । यसैगरी अनुभावको रूपमा कविको विकृत चेहरा, आँखाबाट आँसु झर्नु, छाती पिट्नु आदि रहेका छन् भने सञ्चारी भावहरूको रूपमा चिन्ता, विषाद, मोह, स्मृति आदि आएका छन् । यसरी करुणरसका सम्पूर्ण रससामग्री प्रयोग भएको प्रस्तुत श्लोकमा करुणरस परिपाक अवस्थामा पुगेको पाइन्छ ।

मृत्युपछिको संसार रहस्यको गर्भमा छ । एक दिन यो सुन्दर जीवन र सुन्दर धर्तीलाई सम्पूर्ण जीवहरूले त्याग्नुपर्ने हुन्छ । मानव जीवनको बाँचुञ्जेलसम्मको माया, परिवार, धनसम्पत्ति, जवानी, सुन्दरता, शिक्षा, अनुभव आदि मरेपछि के हुन्छ भन्ने कुरा कसैले पनि ठोकुवा गरेर भन्न सकेका छैनन् । जीवन र जगत्‌लाई व्याख्या गर्ने क्रममा अनेक दर्शनहरू देखा परे पनि मृत्यपछिको जीवनका बारेमा कसैले पनि चित्तबुझ्दो जवाफ दिन सकेका छैनन् । त्यसैले मृत्युपछिको संसार रहस्यमय रहेको छ । आकाशमा रहेको सप्तर्षि ताराको प्रश्नसूचक आकारले पनि यही कुराको सङ्केत गरेको मानिन्छ । गौरी खण्डकाव्यमा पनि कवि घिमिरेले गौरीको वियोगान्त अवसानपछि उनी जाने मुलुक, त्यहाँको बाटो र त्यहाँ गइसकेपछि गौरीको अवस्थाबारे जिज्ञासा यसरी प्रस्तुत गरेका छन् :

हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि
त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि
छन् तिम्रा मुखमा अझै बिफरका बुट्टा कि कस्ती भयौ
स्वप्नामा जुन आउँछयौ, भन त्यही सम्झूँ कि भिन्नै भयौ(पृ.१७)

माथिको श्लोकमा कवि घिमिरेले मर्त्यलोक र मरेपछि जाने विश्वास गरिएको यमलोकको बारेमा चासो व्यक्त गरेका छन् । गौरीको मृत्युपछि विक्षिप्त बनेका कवि घिमिरेले गौरीलाई सम्बोधन गर्दै स्वैरकल्पनात्मक रूपमा अर्को संसारमा पुगे-नपुगेको, वास बस्नु पर्ने-नपर्ने, त्यो लोकबाट मर्त्यलोक देखिने-नदेखिने आदि कुरा व्यक्त गरिरहेका छन् । यस लोकमा भएको शरीर र जवानी त्यो लोकमा पनि छ कि वा बेग्लै छ भनेर करुणभावमा कविले एकालाप रूपमा आफ्ना दुःखद अभिव्यक्तिहरू प्रकट गरिरहेका छन् । कविले अर्को मुलुक कति टाढा छ ? पुग्यौ कि बाटोमा हिड्दै छौं ? त्यो मुलुक कस्तो छ ? त्यहाँबाट मर्त्यलोक देखिन्छ कि देखिँदैन ? अनुहारका बिफरका दागहरू ठिक भए कि भएनन् ? राति स्वप्नामा आउने रूपजस्तै छौ वा भिन्न छौ ? आदि प्रश्न गरी कारुणिक अनि विक्षिप्त मानसिकतामा कवि यस श्लोकमा एकोहोरो बर्बराइरहेका छन् ।  यसरी यस श्लोकमा पनि आश्रय आलम्बनको रूपमा कवि, विषय आलम्बनको रूपमा गौरीको मृत शरीर, उद्दीपन विभावको रूपमा आफन्तको रुवावासी, गौरीको स्मरण आदि रहेका छन् । यसैगरी यसमा अनुभावको रूपमा कविको विकृत चेहरा, विक्षिप्तता, आँखाबाट आँसु झर्नु आदि रहेका छन् भने सञ्चारी भावहरूको रूपमा स्मृति, चिन्ता, विषाद, मोह, जडता आदि प्रयोग भएका छन् । यसरी करुणरसका रससामग्री प्रयोग भएको प्रस्तुत श्लोकमा करुणरस प्रभावकारी रूपमा प्रवाहित भएको पाइन्छ।

आमाको महिमा अपरम्पार छ । संसारका कुनै पनि प्राणीहरूका लागि आमा प्राणदाता र जीवनदाता हुन् । उनी सृष्टिकर्ता मात्र होइनन् पालनकर्ता साक्षात् देवी पनि हुन् । आमाविना जीवनको कल्पना गर्न पनि सकिँदैन । अझ बालबालिकाका लागि आमा जीवनदायिनी, आस्था र भरोसाको केन्द्र हुन् । आमाको काखमा पाइने मातृवात्सल्य र सुख संसारको सबैभन्दा

उच्चकोटिको सुख मानिन्छ । यस खण्डकाव्यमा गौरीको मृत्युपछि कवि घिमिरेकी छोरीहरू आमाबाट पाइने मातृवात्सल्यबाट वञ्चित हुन पुगेकी छिन् । यस्तो कारुणिक अवस्थालाई देखाउन कविले विभिन्न दृष्टान्त दिएका छन् । दुध खाने बाच्छो छुटाएर गाईलाई टाढा लग्दा र भरखर कोरलेका गुँडका बचरा नहुर्कीकन पोथी जालमा पर्दा जस्तो अवस्था बाच्छो र बचराको हुन्छ ठिक त्यस्तै अवस्था कवि घिमिरेकी छोरीहरू शान्ति र कान्तिलाई भएको कुरा कविले गौरी खण्डाकाव्यमा उल्लेख गरेका छन् । यसमा उनका नाबालिका छोरीहरूले आमाको खोजी गरेको तर कविले सम्झाउन नसकेको र उनीहरूको बिजोग हेर्न नसकेको अवस्थालाई कवि घिमिरेले यस खण्डकाव्यमा यसरी चित्रण गरेका छन् :

> गाईलाई लग्यो नि ! आज कसले बाच्छो छुटाईकन
> पोथी पाश परी मरी नि ! गुँडका बच्चा नहुर्कीकन
> के हेर्छ्यौ यतिको बिजोग, धरती माता ! तिमी फाट हे
> आमा बालककी नमार भगवन् ! संसार भर्ने भए (पृ. ३१ ) ।

माथिको श्लोकमा आमा मरेपछि उनीहरूका नाबालक सन्तानहरूको बिचल्ली हुन्छ र उनीहरूलाई सम्झाउने कुनै शब्द हुँदैन, त्यसैले बालककी आमा नमार भगवान् भनेर कविले बिन्ती गरेका छन् । दुधको आहारामा हुर्किरहेको गाईको बाच्छो र गुँडमा रहेका चराका बचराहरूको दृष्टान्त दिँदै कविले उनीहरूको आमालाई कसैले जबरजस्ती टाढा लग्दा वा व्याधाले मारिदिँदा तिनीहरूको जस्तो बिचल्ली हुन्छ, ठिक त्यस्तै बिचल्ली छोरीहरूलाई परेको कुरा उल्लेख गरेका छन् । दुई र चार वर्षकी छोरीलाई जन्म-मरणको चक्र थाहा नभएको र उनीहरूले आमाको खोजी गरेको देखेर कवि घिमिरेलाई पिरमाथि पिर थपिन्छ । त्यसैले उनी यस्तो असह्य पीडाबाट मुक्ति पाउन धर्ती मातालाई फाट्न र आफूलाई त्यहीँ गर्भमा विलय गर्न आग्रह गर्दछन् । यसरी आमाको न्यानो काखबाट वञ्चित टुहुरी छोरीहरूको कारुणिक अवस्था देखेर भावविभोर हुँदै बालककी आमा नमार्नुहोस् भगवान् भनेर उनले प्रस्तुत श्लोकमा रुँदै प्रार्थना गरेका छन् । यसरी यस श्लोकमा पनि आश्रय आलम्बनको रूपमा कवि, विषय आलम्बनको रूपमा गौरीको मृत शरीर, उद्दीपन विभावको रूपमा आफन्तको रुवावासी, टुहुरी छोरीहरूको अवस्था, आमाविहीन बाच्छो र गुँडका बचराको स्मरण आदि रहेका छन् । यसैगरी यसमा अनुभावको रूपमा कविको विकृत चेहरा, विक्षिप्तता, आँखाबाट आँसु झर्नु, छाति पिट्नु आदि रहेका छन् भने सञ्चारी भावहरूको रूपमा स्मृति, चिन्ता, विषाद, मोह आदि प्रयोग भएका छन् । यसरी यस श्लोकमा पनि करुणरसका रससामग्री विभाव, अनुभाव र व्यभिचारी भाव प्रयोग भई करुणरस परिपाक अवस्थामा पुगेको देखिन्छ ।

सामाजिक जीवन जेजस्तो भए पनि व्यक्तिगत जीवन प्रत्येक व्यक्तिको फरक र आफ्नै हुन्छ । सुख-दुःख, हाँसो-रोदन, संयोग-वियोग, उकाली-ओराली, पीडा, अभाव, विसङ्गति आदि व्यक्तिगत जीवनका महत्त्वपूर्ण पाटो हुन् । कवि घिमिरेको

व्यक्तिगत जीवनमा पनि उनकी धर्मपत्नी गौरीको मृत्युले ठुलो व्रजपात परेको देखिन्छ। यो दुःखद घटनापछि कविले नाबालिका छोरीहरूको पालनपोषणमा दिनरात जुट्नुपर्ने भयो। उनका अबोध छोरीहरूलाई जन्म-मृत्युको रहस्य बुझ्ने क्षमता थिएन तर कविको पत्नी गुमाएको व्यथा भने बेग्लै थियो। यस्तो अवस्थामा सानीलाई फुल्याउन र ठुलीलाई भुल्याउन आँसु पिएर भए पनि उनलाई हाँस्नुपर्ने वाध्यता आइलाग्यो। त्यति बेला उनले मन फुकाएर निर्धक्कसँग रुन पनि पाएनन्। उनले मन फुकाएर रुन पनि नपाएको पीडालाई कवि घिमिरेले गौरी खण्डकाव्यमा यसरी देखाएका छन् :

सानीलाइ फुल्याउँला कति यहाँ औलो चुसाईकन
ठुलीलाइ भुलाउँला कति यहाँ आँसू लुकाईकन
आफै यो सब व्रजपात यिनले बुझ्लान् जसै आखिर
रोऔँला अनि एक रात सँगमा हेरेर तारातिर (पृ.३३)।

माथिको श्लोकमा आमा गुमाएका नाबालिका छोरीहरूको रेखदेख कवि घिमिरेले गर्नु परेको प्रसङ्ग उल्लेख गरिएको छ। यसका साथै जन्म-मरणको चक्र नबुझ्ने दुध खाने बालिकाहरू मातृवात्सल्यबाट टाढिँदा उनीहरूले देखाउने क्रियाकलाप र त्यसबाट विधुर बाबुलाई पर्ने मनोवैज्ञानिक असर यस श्लोकमा प्रस्तुत गरिएको छ। दुध खुवाउने बहानामा निर्बोध शिशुलाई बुबाले औला चुसाउनु पर्ने मार्मिक अवस्थाको चित्रण गरिएको यस श्लोकमा छोरीहरू ठुलो र बुझ्ने भएपछि एक रात गौरीको सम्झना गरेर ताराहरू हेर्दै निर्धक्कसँग छोरीहरूसँगै रुने इच्छा कविले व्यक्त गरेका छन्। कवि घिमिरेले यस श्लोकमा अहिले छोरीहरू सानै भएकोले उनीहरूलाई मृत्युको बारेमा सम्झाउन नसकेको र पछि छोरीहरू ठुलो भइसकेपछि आमा गुमाएको कुरा र बुबालाई व्रजपात परेको कुरा उनीहरू आफै बुझ्नेछन् र त्यसपछि एकदिन गौरीलाई सम्झेर ताराहरू हेर्दै मन फुकाएर छोरीको साथमा रोएर मनको बह पोख्ने इच्छा व्यक्त गरेका छन्। यसरी  यस श्लोकमा आश्रय आलम्बनको रूपमा कवि र विषय आलम्बनको रूपमा गौरीको मृत शरीर, उद्दीपन विभावको रूपमा छोरीहरूको चित्कार, अनुभावको रूपमा कविको विकृत चेहरा र आँखाबाट झरेको आँसु रहेका छन् भने सञ्चारी भावको रूपमा चिन्ता, ग्लानि, स्मृति, विषाद, मोह, जडता आदि रहेका छन्। यसरी करुणरसका विभाव, अनुभाव र सञ्चारी भाव जस्ता रससामग्रीहरू समावेश गरिएको यस श्लोकमा करुणरस परिपाक अवस्थामा पुगेको देखिन्छ।

## निष्कर्ष

राष्ट्रवादी कवि माधव घिमिरे नेपाली साहित्यका अमर साधक हुन्। परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावधारामा कविता रचना गर्ने कवि घिमिरेले कविता विधामा फुटकर कवितादेखि महाकाव्यसम्मको रचना गरेका छन्। उनका थुप्रै खण्डकाव्यमध्ये गौरी एक चर्चित खण्डकाव्य हो। भूमिकासहित बाह्रवटा खण्ड रहेको यस खण्डकाव्यमा कविले उनकी धर्मपत्नी

गौरीको बाइस वर्षको कलिलो उमेरमा भएको निधन र त्यसबाट कविलाई परेको पीडा प्रस्तुत गरेका छन् । यसरी कविका दु:ख वा पीडा प्रस्तुत गरिएको हुनाले यसलाई शोककाव्य भनिन्छ भने पढ्दापढ्दै पाठकका आँखा रसाउने हुनाले यसलाई अश्रुकाव्य पनि भनिन्छ । कवि घिमिरे धर्मपत्नी गौरीसहित काठमाडौंमा डेरा गरी बस्नु, शान्ति र कान्ति दुइटा छोरी जन्मनु, अचानक गौरीको मृत्यु हुनु, कवि घिमिरेलाई असह्य पीडा हुनु र संसार निस्सार लाग्नु, नाबालक छोरीलाई सम्हाल्न गाह्रो पर्नु, हातको औला चुसाएर भए पनि छोरीलाई फकाउनु, निर्धक्क मन खोलेर कविले रुन नपाउनु आदि कारुणिक घटनाहरू यस खण्डकाव्यमा समेटिएका छन् । यसरी गौरी खण्डकाव्यको सम्पूर्ण विषयवस्तु करुणरससँग सम्बन्धित रहेको छ । यस काव्यमा आरम्भदेखि अन्त्यसम्म करुणरसका रससामग्रीहरू विभाव, अनुभाव र सञ्चारी भावहरू प्रयोग भएका देखिन्छन् । यस काव्यमा विभावको रूपमा कवि र गौरीको मृत शरीर रहेको छ । यसमा विभावमा पनि आश्रय आलम्बनको रूपमा कवि र विषय आलम्बनको रूपमा गौरीको मृत शरीर रहेको छ भने उद्दीपन विभावको रूपमा चिताको ज्वाला, एकान्त कोठा, छोरीहरूको व्यवहार, गौरीको स्मरण, शवयात्रा आदि रहेका छन् । यसैगरी यस काव्यमा अनुभावको रूपमा कविको विकृत चेहरा, आँसु झर्नु, रुनु, अनुहार मलिन हुनु, छाती पिट्नु आदि रहेका छन् भने विषाद, स्मृति, चिन्ता, मोह, जडता, ग्लानि, उन्माद आदि सञ्चारी भावहरू रहेका छन् । यसरी गौरी खण्डकाव्यका प्रत्येक श्लोकहरू करुणरसका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । तसर्थ गौरी खण्डकाव्यका प्राय: सबै श्लोकहरूमा करुणरसका रससामग्री विभाव, अनुभाव र व्यभिचारी भाव प्रयोग भएका र तिनीहरूले करुणरसलाई परिपाक अवस्थामा पुऱ्याएकाले गौरी खण्डकाव्य करुणरस प्रयोगका दृष्टिले उच्चकोटिको देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५०), पूर्वीय समालोचना सिद्धान्त, साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३६), पूर्वीय साहित्यसिद्धान्त, साझा प्रकाशन ।

खनाल, पेशल (२०७४), शैक्षिक अनुसन्धानपद्धति, सनलाइट पब्लिकेसन ।

गिरी, अमर, पौडेल, हेमनाथ र गौतम, लक्ष्मण (२०७२), प्रज्ञा समकालीन नेपाली कविताविमर्श, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), वैदिक षड्दर्शनका प्रमुख मान्यता, नेपाल अध्ययन जर्नल ।

घिमिरे, माधवप्रसाद (२०१५), गौरी, साझा प्रकाशन ।

पौडेल,विष्णुप्रसाद (२०५७), संस्कृत काव्यशास्त्र, भुँडी प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०३१), पूर्वीय काव्यसिद्धान्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), भरतमुनिको नाट्यशास्त्र, दोस्रो संस्क., नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, घटराज (२०४०), प्रतिभैप्रतिभा र नेपाली साहित्य, नेसनल रिसर्च एसोसिएट्स ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०७४), साहित्यशास्त्र र नेपाली समालोचना, सातौं संस्क., विद्यार्थी पुस्तक भण्डार।

भुसाल, बेदुराम (२०७७), वैदिक समाज र दर्शन, नेपाल प्रज्ञा-प्रतिष्ठान।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), नेपाली काव्य समालोचना, पैरवी प्रकाशन।

शर्मा, ऋषिराम (२०७०), नेपाली रस परिचय, जुगल पब्लिकेसन।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, दोस्रो संस्क., विद्यार्थी पुस्तक भण्डार।

शर्मा, यादवप्रसाद (२०७५), पौरत्स्य दर्शन र नेपाली साहित्य, एस. टु प्रिन्टर्स।

श्रेष्ठ, ईश्वरकुमार (२०६०), पूर्वीय पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली, साझा प्रकाशन।

सिग्देल, सोमनाथ (२०१६) साहित्य प्रदीप, नेपाल एकेडेमी।